# भाग ३

## नेपाल सरकार

## स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको

## सूचना १

## सिंहदरबार वैद्यखाना विकास समिति (गठन) आदेश, २०७७

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "सिंहदरबार वैद्यखाना विकास समिति (गठन) आदेश, २०७७" रहेको छ।

(२) यो आदेश तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले दफा ९ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "वैद्यखाना" भन्नाले सिंहदरबार वैद्यखाना सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र समितिको सदस्य–सचिवलाई समेत जनाउँछ ।

(छ) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको सिंहदरबार वैद्यखाना विकास समिति सम्झनु पर्छ।

३. <u>समितिको गठनः</u> (१) गुणस्तरीय आयुर्वेदिक औषधी उत्पादन गरी बिक्री वितरण गर्ने समेतका कार्यका लागि वैद्यखानाको सञ्चालन तथा व्यवस्थापन गर्न सिंहदरबार वैद्यखाना विकास समिति नामको एक समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् :-

| | | |
|---|---|---|
| (क) | मान्यता प्राप्त शिक्षण संस्थावाट आयुर्वेद चिकित्सा विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी आयुर्वेदको क्षेत्रमा संलग्न व्यक्तिहरु मध्येबाट नेपाल सरकारबाट मनोनित एक जना | – अध्यक्ष |
| (ख) | महानिर्देशक, औषधी व्यवस्था विभाग | -सदस्य |
| (ग) | महानिर्देशक, वनस्पति विभाग | -सदस्य |
| (घ) | महानिर्देशक, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग | -सदस्य |
| (ङ) | कार्यकारी निर्देशक, राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालीम केन्द्र | -सदस्य |

(च) मन्त्रालयको कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको अधिकृत प्रतिनिधि -सदस्य

(छ) प्रतिनिधि, जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्र -सदस्य

(ज) आयुर्वेद चिकित्सा क्षेत्रमा कार्यरत चिकित्सकहरु मध्येबाट मन्त्रालयबाट मनोनीत कम्तीमा एक जना महिला सहित तीन जना -सदस्य

(झ) कार्यकारी निर्देशक -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (क) बमोजिम नियुक्त अध्यक्ष र खण्ड (ज) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा मनोनीत सदस्यले आफ्नो पद अनुरुप काम नगरेमा अध्यक्षलाई नेपाल सरकारले र मनोनीत सदस्यलाई मन्त्रालयले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(६) समितिको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

४. **सदस्यको योग्यता** : देहायको योग्यता पुगेको व्यक्ति अध्यक्ष पदमा नियुक्त हुन वा सदस्य पदमा मनोनीत हुन योग्य मानिनेछ :–

(क) नेपाली नागरिक,

(ख) पैंतीस वर्ष उमेर पूरा भएको,
(ग) पैंसठ्ठी वर्ष उमेर ननाघेको,
(घ) उच्च नैतिक चरित्र भएको,
(ङ) प्रचलित कानून बमोजिम अयोग्य नभएको।

५. **<u>सदस्यको अयोग्यता</u>:** देहायको व्यक्ति अध्यक्ष पदमा नियुक्त वा सदस्य पदमा मनोनीत हुन वा त्यस्तो पदमा बहाल रहन योग्य हुने छैनः–

(क) गैर नेपाली नागरिक,
(ख) दफा ४ बमोजिमको योग्यता नभएको,
(ग) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,
(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसार पसार, लागू औषध बिक्री वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण, कीर्ते वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,
(ङ) प्रचलित कानून बमोजिम कालो सूचीमा रहेको,
(च) साहूको दामासाहीमा परेको।

६. **<u>पद रिक्त हुने अवस्था</u>:** देहायको अवस्थामा अध्यक्ष वा मनोनीत सदस्यको पद रिक्त हुनेछ :–

(क) आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) पदावधि पूरा भएमा,

(ग) दफा ३ को उपदफा (४) बमोजिम पदबाट हटाइएमा,

(घ) मृत्यु भएमा ।

७. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** यस आदेशमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) वैद्यखानाको औषधी निर्माण क्षमतामा अभिवृद्धि गरी विश्व स्वास्थ्य सङ्गठनले तोकेको मापदण्ड अनुरुप औषधी उत्पादन गरी स्वदेश तथा विदेशमा बिक्री वितरण गर्ने वा गराउने,

(ख) वैद्यखानाको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि नीति निर्धारण गर्ने,

(ग) वैद्यखानाको नीति, योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने र सोको कार्यान्वयन अवस्थाको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(घ) वैद्यखानाबाट प्रदान गरिने सेवाको सञ्चालन, सुधार र विकासका लागि आवश्यक पर्ने स्रोत र साधनको पहिचान गरी त्यस्तो स्रोत र साधन परिचालन गर्ने,

(ङ) वैद्यखानाको भौतिक सम्पत्तिको संरक्षण तथा मर्मत सम्भार गर्ने वा गराउने,

(च) वैद्यखानाको विकास र विस्तारका लागि विभिन्न निकायसँग सहकार्य तथा समन्वय गर्ने,

(छ) वैद्यखानाले प्रदान गर्ने सेवाको सञ्चालन र थप सेवाको विस्तार गर्न आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्न सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी मन्त्रालयमा सिफारिस गर्ने,

(ज) वैद्यखानाबाट उत्पादित औषधीको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा थोक बिक्रेता, एजेन्ट वा प्रतिनिधि तोक्ने,

(झ) वैद्यखानाबाट प्रदान गरिने सेवा बापत लिने शुल्क निर्धारण गर्ने,

(ञ) वैद्यखानाबाट उत्पादित औषधीको थोक तथा खुद्रा मूल्य निर्धारण गर्ने,

(ट) चिकित्सकीय आचार संहिता (मेडिकल इथिक्स) पालना गर्ने र गराउने,

(ठ) औषधी उत्पादनका लागि आवश्यक पर्ने जडिबुटी, खनिज तथा कच्चा पदार्थको सङ्कलन, प्रशोधन, संरक्षण तथा विस्तार सम्बन्धी कार्य गर्ने,

(ङ) वैद्यखानाको सेवाको नियमित अनुगमन तथा निरीक्षण गर्ने वा गराउने ।

८. **समितिको बैठक सम्बन्धी कार्यविधि :** (१) समितिको बैठक प्रत्येक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको सदस्य-सचिवले अध्यक्षको निर्देशन बमोजिम बैठक बस्ने सूचना र बैठकको कार्यसूची बैठक बस्नु भन्दा कम्तीमा अठ्चालीस घण्टा अगावै सदस्यहरूलाई दिनु पर्नेछ।

(४) समितिको कुल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय अध्यक्ष र समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछन् ।

(८) समितिले आवश्यक देखेमा नेपाल सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञ वा समितिको विकास र विस्तारमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **कार्यकारी निर्देशक** : (१) वैद्यखानाको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एक जना कार्यकारी निर्देशक रहनेछ।

(२) मन्त्रालयले नेपाल स्वास्थ्य सेवा, आयुर्वेद समूहको एघारौं तहको कर्मचारीलाई वैद्यखानाको कार्यकारी निर्देशकको रुपमा काम गर्ने गरी तोक्नेछ।

(३) मन्त्रालयले कार्यकारी निर्देशकसँग कार्य सम्पादन सम्झौता गर्नेछ ।

(४) उपदफा (३) बमोजिमको कार्य सम्पादन सम्झौताका सूचकहरु मन्त्रालयले निर्धारण गर्नेछ ।

१०. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार** : कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वैद्यखानाको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(ख) समितिको बैठकको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ग) वैद्यखानाको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने,

(घ) वैद्यखानाको काम कारबाहीको सम्बन्धमा विभिन्न निकायसँग समन्वय गर्ने,

(ङ) समितिको निर्देशन बमोजिमका काम गर्ने वा गराउने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने वा गराउने ।

११. **मानव स्रोत व्यवस्थापन** : (१) समितिको कार्यसम्पादनको लागि वैद्यखानामा आवश्यक सङ्ख्यामा कर्मचारीहरु रहनेछन्।

(२) उपदफा (१) बमोजिमका कर्मचारीको पद र सङ्ख्या अर्थ मन्त्रालय र मन्त्रालयको सहमति लिई समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) मन्त्रालयबाट सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण स्वीकृत नभई समितिले वैद्यखानामा कुनै पनि पदमा कर्मचारी भर्ना गर्न पाउने छैन ।

(४) समितिको अनुरोधमा मन्त्रालयले नेपाल सरकारका कर्मचारीलाई वैद्यखानामा काजमा खटाउन सक्नेछ ।

(५) वैद्यखानाका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाको शर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) उपदफा (५) बमोजिम पारिश्रमिक तथा सुविधा नतोकिएसम्म वैद्यखानाका कर्मचारीले अर्थ मन्त्रालयको स्वीकृतिमा मन्त्रालयले तोके बमोजिमको पारिश्रमिक तथा सुविधा पाउनेछन् ।

१२. **समितिको कोष**: (१) समितिको नाममा एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) वैद्यखानाले प्रदान गरेको सेवा तथा सुविधा र औषधी बिक्री बापत प्राप्त रकम,

(ग) स्वदेशी सङ्घ, संस्था वा व्यक्तिबाट दान, दातव्य वा चन्दास्वरुप प्राप्त रकम,

(घ) विदेशी सरकार, सङ्घ, संस्था, व्यक्ति वा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाबाट प्राप्त सहयोग वा अनुदान रकम।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नु अघि समितिले अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषमा प्राप्त रकम नेपाल राष्ट्र बैङ्कबाट "क" वर्गको इजाजत प्राप्त कुनै बैङ्कमा समितिको नाममा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको नामबाट गरिने सबै खर्च कोषबाट व्यहोरिनेछ ।

(६) समितिलाई जुन कार्यक्रम वा प्रयोजनका लागि रकम प्राप्त भएको हो सो रकम सोही कार्यक्रम वा प्रयोजनका लागि खर्च गर्नु पर्नेछ ।

(७) कोषको खाता समितिको सदस्य-सचिव र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(८) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. **लेखा र लेखापरीक्षण**: (१) समितिको आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राख्नु पर्नेछ।

(२) समितिले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) समितिको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(४) मन्त्रालयले समितिको आयव्ययको लेखा, तत्सम्बन्धी कागजात र नगदी, जिन्सीको विवरण जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१४. **उपसमिति वा कार्यटोली गठन गर्न सक्ने**: (१) समितिले आफ्नो काममा सहयोग पुऱ्याउन आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यटोलीको काम, कर्तव्य, अधिकार र कार्यविधि समितिले तोकिदिए बमोजिम हुनेछ ।

१५. **अधिकार प्रत्यायोजन**: समितिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक वा वैद्यखानाको कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१६. **बैठक भत्ता**: समितिका सदस्यले समितिको बैठकमा भाग लिए बापत अर्थ मन्त्रालयको स्वीकृत मापदण्ड बमोजिमको बैठक भत्ता पाउनेछन् ।

१७. **वार्षिक प्रतिवेदन:** (१) समितिले तोकिए बमोजिमको विवरण खुलाई आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा समितिबाट भएका प्रमुख कार्य, समितिको नीति, योजना र कार्यक्रमको कार्यान्वयन स्थिति, त्यसको उपलब्धि तथा लागत र समितिबाट भएको वार्षिक खर्चको विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन मन्त्रालय आफैले वा मन्त्रालयको निर्देशनमा समितिले सार्वजनिक गर्नु पर्नेछ ।

१८. **नेपाल सरकारसँग सम्पर्क:** समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१९. **निर्देशन दिन सक्ने**: (१) मन्त्रालयले समितिद्वारा गरिने काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

२०. **नियम बनाउने अधिकार:** यो आदेश कार्यान्वयन गर्न समितिले आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यस्तो नियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ।

२१. **खारेजी र बचाउ**: (१) सिंहदरबार वैद्यखाना विकास समिति (गठन) आदेश, २०५१ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको आदेश अन्तर्गत गठित समितिको सम्पूर्ण चल, अचल सम्पत्ति तथा दायित्व यस आदेश बमोजिम गठन हुने समितिमा सर्नेछ।

(३) उपदफा (१) बमोजिमको आदेश अन्तर्गत गठित समितिका अध्यक्ष, सदस्य तथा प्रबन्ध निर्देशक निजको नियुक्ति वा मनोनयन हुँदाका बखत तोकिएको पदावधि बाँकी रहेको भए सो अवधिसम्मका लागि बहाल रहन सक्नेछन्।

(४) उपदफा (१) बमोजिमको आदेश अन्तर्गत गठित समितिमा कार्यरत कर्मचारीहरु यस आदेश बमोजिम गठन हुने समितिमा नियुक्त भएका मानिनेछन्।

(५) उपदफा (१) बमोजिमको आदेश अन्तर्गत गठित समितिले सम्पादन गरेका काम कारबाही यसै आदेश बमोजिम सम्पादन भए गरेको मानिनेछ ।

## सूचना २

## राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालीम केन्द्र विकास समिति (गठन) आदेश, २०७७

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालीम केन्द्र विकास समिति (गठन) आदेश, २०७७" रहेको छ ।

(२) यो आदेश तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले दफा ९ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ग) "केन्द्र" भन्नाले राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालीम केन्द्र सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र समितिको सदस्य-सचिवलाई समेत जनाउँछ ।

(छ) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालीम केन्द्र विकास समिति सम्झनु पर्छ ।

३. <u>समितिको गठन</u>: (१) आयुर्वेद सम्बन्धी विषयको अध्ययन, अनुसन्धान, खोज तथा यस क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने र तालीम दिने समेतको कार्यका लागि केन्द्रको सञ्चालन तथा

व्यवस्थापन गर्न राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालीम केन्द्र विकास समिति नामको एक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् :-

| | | |
|---|---|---|
| (क) | मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद चिकित्सा विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी आयुर्वेदको क्षेत्रमा अध्ययन, खोज तथा अनुसन्धानमा संलग्न व्यक्तिहरु मध्येबाट नेपाल सरकारबाट मनोनीत एक जना | -अध्यक्ष |
| (ख) | महानिर्देशक, आयुर्वेद विभाग | -सदस्य |
| (ग) | महानिर्देशक, वनस्पति विभाग | -सदस्य |
| (घ) | मन्त्रालयको कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको अधिकृत प्रतिनिधि | -सदस्य |
| (ङ) | अस्पताल प्रमुख, नरदेवी आयुर्वेद औषधालय | -सदस्य |
| (च) | प्रतिनिधि (कम्तीमा नवौं तह), राष्ट्रिय स्वास्थ्य तालीम केन्द्र | -सदस्य |
| (छ) | प्रतिनिधि (कम्तीमा नवौं तह), नेपाल स्वास्थ्य अनुसन्धान परिषद् | -सदस्य |
| (ज) | आयुर्वेदसँग सम्बन्धित क्षेत्रमा कार्यरत व्यक्तिहरु मध्येबाट मन्त्रालयबाट मनोनीत कम्तीमा एक जना महिला सहित तीन जना | -सदस्य |
| (झ) | कार्यकारी निर्देशक | -सदस्य-सचिव |

(३) उपदफा (२) को खण्ड (क) बमोजिम नियुक्त अध्यक्ष र खण्ड (ज) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा मनोनीत सदस्यले आफ्नो पद अनुरुप काम नगरेमा अध्यक्षलाई नेपाल सरकारले र मनोनीत सदस्यलाई मन्त्रालयले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(६) समितिको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

४. <u>**योग्यता**</u>: देहायको योग्यता पुगेको व्यक्ति अध्यक्ष पदमा नियुक्त वा सदस्य पदमा मनोनीत हुन योग्य मानिनेछः-

(क) नेपाली नागरिक,

(ख) पैंतीस वर्ष उमेर पूरा भएको,

(ग) पैंसठ्ठी वर्ष उमेर ननाघेको,

(घ) उच्च नैतिक चरित्र भएको,

(ङ) प्रचलित कानून बमोजिम अयोग्य नभएको।

५. <u>**अयोग्यता**</u>: देहायको व्यक्ति अध्यक्ष पदमा नियुक्त हुन, सदस्य पदमा मनोनीत हुन वा त्यस्तो पदमा बहाल रहन योग्य हुने छैनः-

(क) गैर नेपाली नागरिक,

(ख) दफा ४ बमोजिमको योग्यता नभएको,

(ग) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसार पसार, लागू औषध बिक्री वितरण तथा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण, कीर्ते वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ङ) प्रचलित कानून बमोजिम कालो सूचीमा रहेको,

(च) दामासाहीमा परेको ।

६. **पद रिक्त हुने अवस्थाः** देहायको अवस्थामा अध्यक्ष वा मनोनीत सदस्यको पद रिक्त हुनेछः-

(क) आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) पदावधि पूरा भएमा,

(ग) दफा ३ को उपदफा (४) बमोजिम पदबाट हटाइएमा,

(घ) मृत्यु भएमा ।

७. **समितिको काम, कर्तव्य र अधिकारः** यस आदेशमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) केन्द्रको सञ्चालन तथा व्यवस्थापनको लागि नीति निर्धारण गर्ने,

(ख) केन्द्रको नीति, योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने र सोको

कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ग) आयुर्वेद सम्बन्धी विषयमा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने,

(घ) आयुर्वेद सम्बन्धी विषयमा अध्ययन, अनुसन्धान गर्ने वा गराउने,

(ङ) जडिबुटी खेती, औषधी उत्पादन तथा संरक्षण जस्ता कार्यलाई प्रोत्साहित गर्ने,

(च) लोप हुन लागेका जडिबुटीको संरक्षण, संवर्द्धन, विकास तथा विस्तार सम्बन्धी कार्य गर्ने वा गराउने,

(छ) केन्द्रको विकास र विस्तारको लागि विभिन्न निकायसँग सहकार्य तथा समन्वय गर्ने,

(ज) केन्द्रलाई आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्न सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी मन्त्रालयमा सिफारिस गर्ने,

(झ) केन्द्रको भौतिक सम्पत्तिको संरक्षण तथा मर्मत सम्भार गर्ने वा गराउने,

(ञ) चिकित्सकीय आचार संहिता (मेडिकल इथिक्स) पालना गर्ने र गराउने,

(ट) केन्द्रको भौतिक पूर्वाधार तथा जनशक्ति व्यवस्थापन गरी समितिलाई साधन सम्पन्न बनाउने,

(ठ) आयुर्वेद विषयमा अनुसन्धान गर्ने प्रयोजनको लागि मन्त्रालयको स्वीकृति

लिई तोकिए बमोजिम आयुर्वेद अस्पताल सञ्चालन गर्ने,

(ङ) केन्द्रको नियमित अनुगमन तथा निरीक्षण गर्ने वा गराउने ।

८. <u>**समितिको बैठक सम्बन्धी कार्यविधिः**</u> (१) समितिको बैठक प्रत्येक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको सदस्य-सचिवले अध्यक्षको निर्देशन बमोजिम बैठक बस्ने सूचना र बैठकको कार्यसूची बैठक बस्नु भन्दा कम्तीमा अठ्चालीस घण्टा अगावै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय अध्यक्ष र समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछन् ।

(८) समितिले आवश्यक देखेमा नेपाल सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **कार्यकारी निर्देशकः** (१) केन्द्रको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एक जना कार्यकारी निर्देशक रहनेछ।

(२) मन्त्रालयले नेपाल स्वास्थ्य सेवा, आयुर्वेद समूहको एघारौं तहको कर्मचारीलाई केन्द्रको कार्यकारी निर्देशकको रुपमा कामकाज गर्ने गरी तोक्नेछ।

(३) मन्त्रालयले कार्यकारी निर्देशकसँग कार्य सम्पादन सम्झौता गर्नेछ ।

(४) उपदफा (३) बमोजिमको कार्य सम्पादन सम्झौताका सूचकहरु मन्त्रालयले निर्धारण गर्नेछ ।

१०. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः** कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) केन्द्रको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(ख) समितिको बैठकको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ग) केन्द्रको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने,

(घ) केन्द्रको काम कारबाहीको सम्बन्धमा विभिन्न निकायसँग समन्वय गर्ने,

(ङ) समितिको निर्देशन बमोजिमका कार्य गर्ने वा गराउने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने वा गराउने ।

११. **मानव स्रोत व्यवस्थापनः** (१) समितिको कार्य सम्पादनको लागि केन्द्रमा आवश्यक सङ्ख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीको पद र सङ्ख्या अर्थ मन्त्रालय र मन्त्रालयको सहमति लिई समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) मन्त्रालयबाट सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत नभई समितिले केन्द्रमा कुनै पनि पदमा कर्मचारी भर्ना गर्न पाउने छैन।

(४) समितिको अनुरोधमा मन्त्रालयले नेपाल सरकारका कर्मचारीलाई केन्द्रमा काजमा खटाउन सक्नेछ ।

(५) केन्द्रका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाको शर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) उपदफा (५) बमोजिम पारिश्रमिक तथा सुविधा नतोकिएसम्म समितिका कर्मचारीले अर्थ मन्त्रालयको स्वीकृतिमा मन्त्रालयले तोके बमोजिमको पारिश्रमिक तथा सुविधा पाउनेछन् ।

१२. **समितिको कोषः** (१) समितिको नाममा एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन्ः-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) केन्द्रले प्रदान गरेको सेवा तथा सुविधा बापत प्राप्त रकम,

(ग) स्वदेशी सङ्घ, संस्था वा व्यक्तिबाट दान दातव्य वा चन्दास्वरुप प्राप्त रकम,

(घ) विदेशी सरकार, सङ्घ, संस्था, व्यक्ति वा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाबाट प्राप्त सहयोग वा अनुदान रकम।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नु अघि समितिले अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषमा प्राप्त रकम नेपाल राष्ट्र बैङ्कबाट "क" वर्गको इजाजत प्राप्त कुनै बैङ्कमा समितिको नाममा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको नामबाट गरिने सबै खर्च कोषबाट व्यहोरिनेछ ।

(६) समितिलाई जुन कार्यक्रम वा प्रयोजनका लागि रकम प्राप्त भएको हो सो रकम सोही कार्यक्रम वा प्रयोजनका लागि खर्च गर्नु पर्नेछ ।

(७) कोषको खाता सदस्य-सचिव र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(८) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. **लेखापरीक्षण:** (१) समितिको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राख्नुपर्नेछ ।

(२) समितिले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(३) समितिको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(४) मन्त्रालयले समितिको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र नगदी, जिन्सीको विवरण जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१४. **उपसमिति वा कार्यटोली गठन गर्न सक्नेः** (१) समितिले आफ्नो काममा सहयोग पुऱ्याउन आवश्यकता अनुसार विभिन्न उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यटोलीको काम, कर्तव्य, अधिकार र कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

१५. **अधिकार प्रत्यायोजनः** समितिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक वा केन्द्रको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१६. **बैठक भत्ताः** समितिका सदस्यले समितिको बैठकमा भाग लिए बापत अर्थ मन्त्रालयको स्वीकृत मापदण्ड बमोजिमको बैठक भत्ता पाउनेछन् ।

१७. **वार्षिक प्रतिवेदनः** (१) समितिले तोकिए बमोजिमको विवरण खुलाई आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा समितिबाट भएका प्रमुख कार्यहरु समितिको नीति, योजना र कार्यक्रमको

कार्यान्वयन स्थिति, त्यसको उपलब्धि तथा लागत र समितिबाट भएको वार्षिक खर्चको विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन मन्त्रालय आफैले वा मन्त्रालयको निर्देशनमा समितिले सार्वजनिक गर्नु पर्नेछ ।

१८. <u>**नेपाल सरकारसँग सम्पर्क**</u>: समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

१९. <u>**निर्देशन दिन सक्ने**</u>: (१) मन्त्रालयले समितिद्वारा गरिने काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२०. <u>**नियम बनाउने अधिकार**</u>: यो आदेश कार्यान्वयन गर्न समितिले आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यस्तो नियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ।

२१. <u>**खारेजी र बचाउ**</u>: (१) राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालीम केन्द्र विकास समिति (गठन) आदेश, २०६९ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको आदेश अन्तर्गत गठित समितिको सम्पूर्ण चल, अचल सम्पत्ति तथा दायित्व यस आदेश बमोजिम गठन हुने समितिमा सर्नेछ।

(३) उपदफा (१) बमोजिमको आदेश अन्तर्गत गठित समितिका अध्यक्ष, सदस्य तथा कार्यकारी निर्देशक निजको नियुक्ति वा मनोनयन हुँदाका बखत तोकिएको पदावधि

बाँकी रहेको भए सो अवधिसम्मका लागि बहाल रहन सक्ने छन् ।

(४) उपदफा (१) बमोजिमको आदेश अन्तर्गत गठित समितिमा कार्यरत कर्मचारीहरु यस आदेश बमोजिम गठन हुने समितिमा नियुक्त भएका मानिनेछन्।

(५) उपदफा (१) बमोजिमको आदेश अन्तर्गत गठित समितिले सम्पादन गरेका काम कारबाही यस आदेश बमोजिम सम्पादन भए गरेको मानिनेछ ।

## सूचना ३

## कीटजन्य रोग अनुसन्धान तथा तालीम केन्द्र विकास समिति (गठन) आदेश, २०७७

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "कीटजन्य रोग अनुसन्धान तथा तालीम केन्द्र विकास समिति (गठन) आदेश, २०७७" रहेको छ ।

(२) यो आदेश तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले दफा ९ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ग) "केन्द्र" भन्नाले कीटजन्य रोग अनुसन्धान तथा तालीम केन्द्र सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र समितिको सदस्य–सचिवलाई समेत जनाउँछ ।

(छ) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको कीटजन्य रोग अनुसन्धान तथा तालीम केन्द्र विकास समिति सम्झनु पर्छ ।

३. **समितिको गठनः** (१) कीटजन्य रोगका सम्बन्धमा देशव्यापी रुपमा सूचना प्रवाह गरी त्यस्ता रोगको प्रभावकारी रुपले निवारण तथा नियन्त्रण गर्ने कार्यका लागि केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्न कीटजन्य रोग अनुसन्धान तथा तालीम केन्द्र विकास सामिति नामको एक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् :-

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी कीटजन्य रोग वा सरुवा रोग सम्बन्धमा अध्ययन, अनुसन्धानमा संलग्न व्यक्तिहरु मध्येबाट नेपाल सरकारबाट मनोनित व्यक्ति -अध्यक्ष

| | | |
|---|---|---|
| (ख) | महानिर्देशक, स्वास्थ्य सेवा विभाग | -सदस्य |
| (ग) | मन्त्रालयको अन्तर्राष्ट्रिय स्वास्थ्य सङ्गठनको सम्पर्क व्यक्ति | -सदस्य |
| (घ) | निर्देशक, ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा | -सदस्य |
| (ङ) | प्रतिनिधि (कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीको प्राविधिक कर्मचारी), कृषि तथा पशुपन्छी विकास मन्त्रालय | -सदस्य |
| (च) | प्रतिनिधि (कम्तीमा नवौं तह), राष्ट्रिय स्वास्थ्य तालीम केन्द्र | -सदस्य |
| (छ) | प्रतिनिधि (कम्तीमा नवौं तह), नेपाल स्वास्थ्य अनुसन्धान परिषद् | -सदस्य |
| (ज) | कीटजन्य रोग वा सरुवा रोग सम्बन्धी क्षेत्रमा कार्यरत व्यक्तिहरु मध्येबाट मन्त्रालयबाट मनोनीत कम्तीमा एक जना महिला सहित तीन जना | -सदस्य |
| (झ) | कार्यकारी निर्देशक | -सदस्य-सचिव |

(३) उपदफा (२) को खण्ड (क) बमोजिम नियुक्त अध्यक्ष र खण्ड (ज) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा मनोनीत सदस्यले आफ्नो पद अनुरुप काम नगरेमा अध्यक्षलाई नेपाल सरकारले र मनोनीत सदस्यलाई मन्त्रालयले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(६) समितिको कार्यालय मकवानपुर जिल्लाको हेटौंडामा रहनेछ ।

४. **योग्यता :** देहायको योग्यता पुगेको व्यक्ति अध्यक्ष पदमा नियुक्त वा सदस्य पदमा मनोनीत हुन योग्य मानिनेछ :–

(क) नेपाली नागरिक,

(ख) पैंतीस वर्ष उमेर पूरा भएको,

(ग) पैंसट्ठी वर्ष उमेर ननाघेको,

(घ) उच्च नैतिक चरित्र भएको,

(ङ) प्रचलित कानून बमोजिम अयोग्य नभएको।

५. **अयोग्यता :** देहायको व्यक्ति अध्यक्ष पदमा नियुक्त हुन वा सदस्य पदमा मनोनीत हुन वा त्यस्तो पदमा बहाल रहन योग्य हुने छैन :–

(क) गैर नेपाली नागरिक,

(ख) दफा ४ बमोजिमको योग्यता नभएको,

(ग) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसार पसार, लागू औषध बिक्री वितरण तथा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण, कीर्ते वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ङ) प्रचलित कानून बमोजिम कालो सूचीमा रहेको,

(च) दामासाहीमा परेको।

६. **<u>पद रिक्त हुने अवस्था</u> :** देहायको अवस्थामा अध्यक्ष वा मनोनीत सदस्यको पद रिक्त हुनेछ :–

(क) आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) पदावधि पूरा भएमा,

(ग) दफा ३ को उपदफा (४) बमोजिम पदबाट हटाइएमा,

(घ) मृत्यु भएमा ।

७. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>:** यस आदेशमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) केन्द्रको सञ्चालन तथा व्यवस्थापनको लागि नीति निर्धारण गर्ने,

(ख) केन्द्रको नीति, योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने र सोको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ग) कीटजन्य रोगका कारण र सो रोग निदान गर्ने उपाय पत्ता लगाउन आवश्यक अनुसन्धान, सर्वेक्षण, तालीम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,

(घ) कीटजन्य रोग निवारण तथा नियन्त्रण गर्न प्रयोग गरिएका औषधीको प्रभावकारिता सम्बन्धमा आवश्यक अध्ययन अनुसन्धान गर्ने वा गराउने,

(ङ) कीटजन्य रोग निवारण तथा नियन्त्रण गर्ने सम्बन्धमा गरिएको अनुसन्धान तथा सर्वेक्षण प्रतिवेदन सहित त्यस्ता रोग निवारण तथा नियन्त्रण गर्ने सुझाव सहितको प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने,

(च) विदेशवाट भित्रन सक्ने सङ्क्रामक र घातक कीटजन्य रोगहरुको रोकथाम र नियन्त्रणका कार्य गर्ने,

(छ) केन्द्रको विकास र विस्तारको लागि विभिन्न निकायसँग सहकार्य तथा समन्वय गर्ने,

(ज) केन्द्रलाई आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्न सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी मन्त्रालयमा सिफारिस गर्ने,

(झ) केन्द्रको भौतिक सम्पत्तिको संरक्षण तथा मर्मत सम्भार गर्ने वा गराउने,

(ञ) चिकित्सकीय आचार संहिता (मेडिकल इथिक्स) पालना गर्ने र गराउने,

(ट) केन्द्रलाई भौतिक पूर्वाधार तथा जनशक्ति व्यवस्थापन गरी समितिलाई साधन सम्पन्न बनाउने,

(ठ) केन्द्रको नियमित अनुगमन तथा निरीक्षण गर्ने वा गराउने ।

८. **समितिको बैठक सम्बन्धी कार्यविधि :** (१) समितिको बैठक प्रत्येक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको सदस्य-सचिवले अध्यक्षको निर्देशन बमोजिम बैठक बस्ने सूचना र बैठकको कार्यसूची बैठक बस्नुभन्दा कम्तीमा अठ्चालीस घण्टा अगावै सदस्यहरूलाई दिनु पर्नेछ।

(४) समितिको कूल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय अध्यक्ष र समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछन् ।

(८) समितिले आवश्यक देखेमा नेपाल सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

९. **कार्यकारी निर्देशक सम्बन्धी व्यवस्थाः** (१) केन्द्रको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एक जना कार्यकारी निर्देशक रहनेछ।

(२) मन्त्रालयले नेपाल स्वास्थ्य सेवाको एघारौं तहको कर्मचारीलाई केन्द्रको कार्यकारी निर्देशकको रुपमा काम गर्ने गरी तोक्नेछ।

(३) मन्त्रालयले कार्यकारी निर्देशकसँग कार्य सम्पादन सम्झौता गर्नेछ ।

(४) उपदफा (३) बमोजिमको कार्य सम्पादन सम्झौताका सूचकहरु मन्त्रालयले निर्धारण गर्नेछ ।

१०. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः** कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) केन्द्रको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(ख) समितिको बैठकको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ग) केन्द्रको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने,

(घ) केन्द्रको काम कारबाहीको सम्बन्धमा विभिन्न निकायसँग समन्वय गर्ने,

(ङ) समितिको निर्देशन बमोजिमका कार्य गर्ने वा गराउने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने वा गराउने ।

११. **मानव स्रोत व्यवस्थापन** : (१) समितिको कार्य सम्पादनको लागि केन्द्रमा आवश्यक सङ्ख्यामा कर्मचारीहरु रहनेछन्।

(२) उपदफा (१) बमोजिमका कर्मचारीको पद र सङ्ख्या अर्थ मन्त्रालय र मन्त्रालयको सहमति लिई समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) मन्त्रालयबाट सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत नभई समितिले केन्द्रमा कुनै पनि पदमा कर्मचारी भर्ना गर्न पाउने छैन ।

(४) केन्द्रलाई आवश्यक परेमा समितिको अनुरोधमा मन्त्रालयले नेपाल सरकारका कर्मचारीलाई काजमा खटाउन सक्नेछ ।

(५) केन्द्रका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाको शर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) उपदफा (५) बमोजिम पारिश्रमिक तथा सुविधा नतोकिएसम्म केन्द्रका कर्मचारीले अर्थ मन्त्रालयको स्वीकृतिमा मन्त्रालयले तोके बमोजिमको पारिश्रमिक तथा सुविधा पाउनेछन् ।

१२. **समितिको कोषः** (१) समितिको नाममा एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछनः-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) केन्द्रले प्रदान गरेको सेवा तथा सुविधा बापत प्राप्त रकम,

(ग) स्वदेशी सङ्घ, संस्था वा व्यक्तिबाट दान, दातव्य वा चन्दा स्वरुप प्राप्त रकम,

(घ) विदेशी सरकार, सङ्घ संस्था, व्यक्ति वा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाबाट प्राप्त सहयोग वा अनुदान रकम।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नु अघि समितिले अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषमा प्राप्त रकम नेपाल राष्ट्र बैङ्कबाट "क" वर्गको इजाजत प्राप्त कुनै बैङ्कमा समितिको नाममा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको नामबाट गरिने सबै खर्च कोषबाट व्यहोरिनेछ।

(६) समितिलाई जुन कार्यक्रम वा प्रयोजनका लागि रकम प्राप्त भएको हो सो रकम सोही कार्यक्रम वा प्रयोजनका लागि खर्च गर्नु पर्नेछ ।

(७) कोषको खाता समितिको सदस्य-सचिव र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(८) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. <u>लेखा र लेखापरीक्षण</u>: (१) समितिको आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राख्नु पर्नेछ ।

(२) समितिले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) समितिको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(४) मन्त्रालयले समितिको आयव्ययको लेखा, तत्सम्बन्धी कागजात र नगदी, जिन्सीको विवरण जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१४. <u>उपसमिति वा कार्यटोली गठन गर्न सक्ने</u> : (१) समितिले आफ्नो काममा सहयोग पुऱ्याउन आवश्यकता अनुसार विभिन्न उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यटोलीको काम, कर्तव्य, अधिकार र कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

१५. <u>अधिकार प्रत्यायोजन</u> : समितिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक वा केन्द्रको कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१६. <u>बैठक भत्ता</u>ः समितिका सदस्यले समितिको बैठकमा भाग लिए बापत अर्थ मन्त्रालयको स्वीकृत मापदण्ड बमोजिमको बैठक भत्ता पाउनेछन्।

१७. <u>वार्षिक प्रतिवेदन</u> : (१) समितिले तोकिए बमोजिमको विवरण खुलाई आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा समितिबाट भएका प्रमुख कार्यहरु, समितिको नीति, योजना र कार्यक्रमको कार्यान्वयन स्थिति, त्यसको उपलब्धि तथा लागत र

समितिबाट भएको वार्षिक खर्चको विवरण समेत उल्लेख गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन मन्त्रालय आफैले वा मन्त्रालयको निर्देशनमा समितिले सार्वजनिक गर्नु पर्नेछ।

१८. <u>**नेपाल सरकारसँग सम्पर्क:**</u> समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

१९. <u>**निर्देशन दिन सक्ने**</u> : (१) मन्त्रालयले समितिबाट सम्पन्न हुने काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२०. <u>**नियम बनाउने अधिकार:**</u> यो आदेश कार्यान्वियन गर्न समितिले आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यस्तो नियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ।

२१. <u>**खारेजी र बचाउ:**</u> (१) कीटजन्य रोग अनुसन्धान तथा तालीम केन्द्र विकास समिति (गठन) आदेश, २०५६ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको आदेश अन्तर्गत गठित समितिको सम्पूर्ण चल, अचल सम्पत्ति तथा दायित्व यसै आदेश बमोजिम गठन हुने समितिमा सर्नेछ।

(३) उपदफा (१) बमोजिमको आदेश अन्तर्गत गठित समितिका सदस्य तथा कार्यकारी निर्देशक निजको

नियुक्ति वा मनोनयन हुँदाका बखत तोकिएको पदावधि बाँकी रहेको भए सो अवधिसम्मका लागि बहाल रहन सक्नेछन् ।

(४) उपदफा (१) बमोजिमको आदेश अन्तर्गत गठित समितिमा कार्यरत कर्मचारीहरु यस आदेश बमोजिम गठन हुने समितिमा नियुक्त भएका मानिनेछन्।

(५) उपदफा (१) बमोजिमको आदेश अन्तर्गत गठित समितिले सम्पादन गरेका काम कारबाही यसै आदेश बमोजिम सम्पादन भए गरेको मानिनेछ ।

**आज्ञाले,**
**लक्ष्मण अर्याल**
**नेपाल सरकारको सचिव ।**